# व्यवस्थापन सूचना प्रणालीमा गुनासोको पुनरावलोकन गरी प्रतिवेदनमा राखिएका बर्गीकरणहरुको परिभाषा

| | |
|---|---|
| **Beneficiary (लाभग्राहीमा परेका)** | |
| Potential Beneficiary (बहुस्वामित्व पुनर्निर्माण लाभग्राही) | भुकम्पले क्षती पुराएको निजी आवास मा एक भन्दा बढि घरधनीहरु को स्वामित्व रहेकोमा अनुदान कार्यबिधि अनुसार पहिलो क्रममा रहेको घरधनीले अनुदान पाईसकेको र त्यसपछिको क्रममा रहेका यस्ता व्यक्तिले २०७२ बैशाख १२ अघि अंशबण्डा गरेको वा माना चामल छुट्टीई अलग्ग बसोवास गरिरहेको प्रमाण स्थानीय निकायमा पेश गरी संम्झौता गर्न योग्य लाभग्राही हरु यस बर्गमा पर्दछन् । |
| Probable Beneficiary (पुनराबलोकनवाट कायम भएका लाभग्राही) | भुकम्पले क्षति पुराएको निजि आवास मा पुगेको क्षतिको मुल्यांकन को प्राबिधिक पुनराबलोकन गर्दा सर्बेक्षण गर्दाको क्षतिको ग्रेड र प्राविधिक समाधानमा परिबर्तन आई लाभग्राहीको सूची मा पर्ने योग्य भएका घरधनीहरु यस बर्गमा पर्दछन । स्थानीय निकायवाट पून: एकपटक निजको घर बस्न नमिल्ने गरी क्षती पुगेको भई भुकम्प पछि बनेका बाहेक निजको परिवारको संयुक्त स्वामित्वमा सोही वा अन्य स्थानमा आवासीय भवन नभएको भनी स्थानीय गुनासो समितिवाट पारित गरी निज अनुदान कार्यबिधि अनुसार लाभग्राहीमा पर्ने यकीन गरी सम्झौता गर्न सकिने छ । |
| **Data Not Found (तथ्यांक नभेटिएको)** | |
| Household Not identified | गुनासो कर्ताले पेश गरेको विबरण सर्बेक्षणमा संकलित बिबरण रहेको तथ्यांक आधारमा फेला नपरेको गुनासोकर्ता हरु यस बर्गमा पर्दछन । यसको समाधानका लागि पुन: सर्वेक्षण गरी विश्लेषण गरिनेछ । |
| **Field Observation (स्थलगत निरीक्षण)** | |
| Matrix & Photo not cleared or mismatch | भुकम्पले क्षति पुराएको निजी आवास को तथ्यांक प्राबिधिक बाट पुनराबलोकन गर्दा सर्बेक्षण गर्दा लिएको बिबरणहरु अस्पस्ट भई निर्णय गर्न नसकिएको हुँदा स्थलगत अबलोकन गरी थप बिबरण लिनुपर्ने अवस्था रहेका घरधनीहरु यस बर्गमा पर्दछन् । यसका लागी स्थलगत निरीक्षण गरिनेछ । |
| **Non Beneficiary (लाभग्राहीमा नपर्ने देखिएको)** | |
| Habitable House in Other Place | भुकम्पले क्षति पुराएको निजी आवास को तथ्यांक प्राबिधिक बाट पुनराबलोकन गर्दा निजको परिवारको संयुक्त स्वामित्वमा अन्य स्थानमा कम्तीमा एउटा बस्न योग्य निजी आबास भएको देखिएका गुनासो कर्ताहरु यस बर्गमा पर्दछन । |
| Habitable House in Usual Place | भुकम्पले क्षति पुराएको निजी आवास को तथ्यांक प्राबिधिक बाट पुनराबलोकन गर्दा निजको परिवारको संयुक्त स्वामित्वमा निजको अक्सर बसोवास रहेको सोही स्थानमा कम्तीमा एउटा बस्न योग्य निजी आबास भएको देखिएका गुनासो कर्ताहरु यस बर्गमा पर्दछन । |
| **Retrofitting Beneficiary (मर्मत र प्रबलीकरणका लाभग्राही)** | |
| Retrofitting Beneficiary | भुकम्पले क्षति पुराएको निजी आवास मा पुगेको क्षतिको मुल्यांकन को प्राबिधिक पुनराबलोकन गर्दा निजको घर संशोधित कार्यबिधि बमोजिम सर्बेक्षणको सूचनाको आधारमा मरम्मत वा प्रबलिकरणको लागि छनौट भएका लाभग्राहीहरु यसमा पर्दछन । निजहरुको नामाबली अलग्ग पठाई सम्झौता गरिनेछ । |